# रास्कोट नगरपालिका

# स्थानीय राजपत्र


**रास्कोट नगरपालिकाद्धारा प्रकाशित**

**खण्ड ७, संख्या ४, रास्कोट राजपत्र, मितिः२०८०।०९।२४**

**भाग १**


## रास्कोट नगरपालिका सञ्चालन ऐन, २०८०

नगरसभाबाट स्वीकृत मितिः- २०८०।०९।२४

सम्वत् २०८० सालको ऐन नं. ४

**प्रस्तावनाः** संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि नगर सरकारका काम कारबाहीलाई व्यवस्थित बनाउन, स्थानीय सेवा प्रवाहलाई स्थानीय सापेक्षतामा जनमैत्री बनाउन, स्थानीय सरकार सञ्चालनमा सिमान्तकृत, विपन्न, पछाडी पारिएका वर्ग समुदायको समेत सहभागिता र स्वामित्वको महसुस गराई सुशासन प्रदान गर्न वाञ्छनीय भएकोले नेपालको संविधान (२०७२) को धारा २२१, अनुसूची -८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले प्रदान गरेको अधिकार वमोजिम रास्कोट नगरसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "रास्कोट नगरपालिका सञ्चालन ऐन, २०८०" रहेको छ।

(२) यो ऐन रास्कोट नगरपालिका भर लागू हुनेछ।


रास्कोट नगरपालिका कालीकोट

(३) यो ऐन रास्कोट नगरपालिकाको नगरसभाले पारित गरी रास्कोट राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले "रास्कोट नगरपालिका सञ्चालन ऐन, २०८०"लाई सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले रास्कोट नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग)"तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तरगत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ) "नगरपालिका" भन्नाले रास्कोट नगरपालिकालाई सम्झनुपर्छ ।

(ङ) "नगर सभा" भन्नाले रास्कोट नगरपालिकाको नगरसभालाई सम्झनुपर्छ ।

(च) "प्रमुख" भन्नाले रास्कोट नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ ।

(छ) "उपप्रमुख" भन्नाले रास्कोट नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनुपर्छ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रास्कोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(झ) "अध्यक्ष" भन्नाले रास्कोट नगरपालिकाभित्रका वडा अध्यक्षहरुलाई सम्झनुपर्छ ।

(ञ) "सदस्य" भन्नाले नगर सभा वा नगर कार्यपालिकाको सदस्यलाई सम्झनुपर्छ र सो शब्दले नगर सभा वा नगर कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र वडा सदस्य समेतलाई जनाउँछ ।

३. **नगरपालिकाको काम, कर्तव्य र अधिकार:** (१) नगरपालिकाले संविधानको अनुसुची -८ मा उल्लेख भए बमोजिम एकल अधिकारको प्रयोग गर्नेछ ।

(२) संविधानको अनुसुची-८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ले निर्धारण गरेको बिषयहरुको कार्यान्वयन संघीय एवं प्रदेश कानूनको प्रतिकुल नहुने गरी स्थानीय कानून बमोजिम गरिनेछ ।

(३) नगरपालिकाले आफुलाई प्राप्त अधिकारको प्रयोग गर्दा स्थानीय कानून बनाएर गर्नेछ । बिषयगत क्षेत्रका लागि बिषयगत कानूनहरुको निर्माण गरिनेछ । बिषयगत कानूनले स्पष्ट व्यवस्था नगरेको बिषयमा यस ऐन बमोजिम हुनेछ ।

४. **वडा समितिको काम, कर्तव्य र अधिकार:** (१) वडा समितिको काम, कर्तव्य र अधिकार कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले वडा समितिको काम, कर्तव्य र अधिकार तोक्दा प्रचलित कानूनले निर्धारण गरेको अधिकारक्षेत्रसँग फरक नपर्ने गरी तोकिनेछ ।

५. **न्यूनतम दररेट निर्धारण गर्ने:** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्युनतम दररेट तोक्नेछ ।

(२) उपदफा (२) बमोजिम श्रमिकको ज्यालादर निर्धारण गर्दा नेपाल सरकारले निर्धारण गरेको राष्ट्रिय न्युनतम पारिश्रमिक भन्दा कम नहुने गरी तोकिनेछ ।

(३) उपदफा (१) बमोजिमको दररेट प्रत्येक आर्थिक बर्ष सुरु हुनुभन्दा पन्ध्र दिन अगावै तोकिनेछ ।

६. **कार्यविभाजन र कार्यसम्पादन:** (१) नगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र सदस्यको काम, कर्तव्य र अधिकार संघीय कानूनले तोके बमोजिम हुनेछ ।

रास्कोट नगरपालिका रास्कोट

(२) स्थानीय विशिष्टता अनुसार कार्यविभाजन थपघट गर्नुपरेमा कार्यपालिकाको कार्यविभाजन र कार्यसम्पादन सम्बन्धी नियमावली बनाएर सो बमोजिम गर्न सकिनेछ ।

७. **नगर कार्यपालिकाको बैठक र निर्णयः** (१) नगर कार्यपालिकाको बैठक आवश्यकता, एजेण्डा र परिस्थितिका आधारमा बस्नेछ ।

(२) कार्यपालिकाको बैठकमा कार्यपालिकामा तत्काल कायम रहेको संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकका लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(३) सामान्यतया कार्यपालिकाको बैठकको निर्णय सर्वसम्मतको आधारमा गरिनेछ ।

(४) उपदफा (३) बमोजिम सर्वसम्मत निर्णय हुन नसकेमा कार्यपालिकामा तत्काल कायम रहेका सदस्य संख्याको बहुमतले गरेको निर्णय कार्यपालिकाको निर्णय मानिनेछ ।

(५) कार्यपालिकाको कुनै सदस्यले आफु अनुपस्थित रहेको कार्यपालिकाले गरेको बैठकको निर्णय उपर अर्को बैठकमा प्रश्न उठाउन पाउनेछैन ।

८. **अधिकार प्रत्यायोजनः** कार्यपालिकाले आफुलाई प्राप्त अधिकार मध्ये केही अधिकार प्रमुख वा उपप्रमुख वा सदस्य वा प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

९. **नगर सभाको बैठकः** (१) सभाको बैठक सामान्यतया बर्षको दुइपटक बस्नेछ ।

(२) सभाको बैठक प्रमुखले बोलाउनेछ र सभाको अध्यक्षता प्रमुखले गर्नेछ ।

(३) सभाका एक तिहाई सदस्यले बैठक आवश्यक छ भनी स्पष्ट कारण सहित लिखित आग्रह गरेमा त्यस्तो आग्रह गरेको पन्ध्र दिनभित्र प्रमुखले सभाको बैठक बोलाउनुपर्नेछ ।

(४) नगरसभाको बैठकमा नगरसभामा तत्काल कायम रहेको संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकका लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) नगरसभामा बहुमतको निर्णय मान्य हुनेछ । कुनै प्रस्तावको पक्ष र विपक्षमा बराबर मत भएमा सभाको अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) नगरसभाको निर्णय सभाको अध्यक्षले प्रमाणिकरण गर्नेछ ।

(७) प्रमुख प्रशासकीय अधिकृतले नगरसभाको सचिव भई काम गर्नेछ ।

(८) नगरसभाको बैठक सम्बन्धी अन्य कार्यविधि सभाले तोके बमोजिम हुनेछ ।

१०. **नगरसभामा विधेयक प्रस्तुत गर्ने कार्यविधिः** नगर कार्यपालिकाले नगरपालिकाको अधिकारक्षेत्रको बिषयमा नगरसभामा विधेयक पेश गर्न सक्नेछ ।

११. **विधेयक पारित र प्रमाणिकरण गर्ने विधिः** (१) दफा १० बमोजिम नगरसभामा प्रस्तुत भएको विधेयक सभामा तत्काल कायम रहेको सदस्य संख्याको बहुमतले पारित गरेमा सभाको अध्यक्षले पन्ध्र दिनभित्र प्रमाणिकरण गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रमाणिकरण भएको विधेयक ऐन बन्नेछ ।

(३) उपदफा (२) बमोजिम बनेको ऐन सर्वसाधारणको जानकारीका लागि स्थानीय राजपत्रमा प्रकाशित गरिनेछ ।

१२. **योजना बनाई कार्यान्वयन गर्नेः** नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीय विकासको लागि आवधिक, वार्षिक, रणनीतिक, विषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालिन योजना बनाई लागु गनुपर्नेछ ।

१३. **नक्सा पास नगराई भवन निर्माण गर्न नहुनेः** कसैले पनि नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न गराउन हुदैन ।

तर नगरपालिकाले तोकेको क्षेत्र वा संरचना वा संरचनाको हकमा नक्सा पास नगराई भवन निर्माण गर्न बाधा पर्ने छैन ।

**१४. न्यायिक समितिको संरचना र अधिकारक्षेत्रः** न्यायिक समितिको संरचना, अधिकारक्षेत्र, न्याय सम्पादनको प्रक्रिया संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोके बमोजिम हुनेछ ।

**१५.** (१) सार्वजनिक खरिद गर्नेः नगरपालिकाले सार्वजनिक खरिद गर्नुपर्दा संघीय सार्वजनिक खरिद ऐन बमोजिम गर्नेछ ।

उपदफा (१) बमोजिमको ऐनको अधीनमा रही नगरपालिकाले सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्नेछ ।

**१६. प्रशासकीय संगठन र कर्मचारी व्यवस्थाः** (१) नगरपालिकाले राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टताका आधारमा बिषयगत शाखा रहेको संगठन संरचना निर्माण गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको संगठन संरचनामा हरेक वडाको संगठन संरचना समेत समावेश गरिनेछ ।

(३) नगरपालिकाले आफ्नो अधिकारक्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी तयार पारिनेछ ।

(४) उपदफा (३) बमोजिम कर्मचारीको दरबन्दीको प्रस्वाव तयार गर्दा स्थायी कर्मचारीको लागि चाहिने तलब, भत्ता, सञ्चय कोष कट्टी रकम, योगदानमा आधारित उपदान वा निवृत्तिभरण जस्ता सुविधाको लागि लाग्ने खर्च व्यहार्ने स्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरि दरबन्दी प्रस्ताव गरिनेछ ।

(५) उपदफा (३) बमोजिम कर्मचारीको दरबन्दीको प्रस्वाव तयार गर्दा सेवा करार कर्मचारीको लागि चाहिने तलब, भत्ता जस्ता सुविधाको लागि लाग्ने खर्च व्यहार्ने स्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरि दरबन्दी प्रस्ताव गरिनेछ ।

(६) नगरपालिकाले आवश्यकताका आधारमा कुनै कार्य सम्पादन गर्न विशेषज्ञता वा परामर्श सेवा आवश्यक पर्ने भएमा त्यस्ता सेवा करारबाट लिइनेछ ।

(७) उपदफा (६) बमोजिम सेवा करारबाट नियुक्त गरिएका कर्मचारी, विशेषज्ञ र परामर्शदाताको सेवा, सुविधा, पारिश्रमिक तथा अन्य सुविधा सोही करारमा उल्लेख भए बमोजिम हुनेछ ।

**१७.** संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनले स्थानीय तहलाई प्रदान गरेको अधिकारको कार्यान्वयनका लागि नगर कार्यपालिकाले आवश्यकता अनुसार नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

**१८. सिफारिस गर्न सक्नेः** प्रचलित कानूनले कुनै बिषयमा सिफारिस गर्नका लागि कुनै निकाय तोकेकोमा बाहेक अन्य जुनसुकै विषयमा सिफारिस गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

**१९. आचारसंहिता बनाई लागु गर्नेः** नगरपालिकाको मातहतमा रहेका कर्मचारीका लागि नगरपालिकाले आचारसंहिता बनाई लागु गर्नेछ । साथै आचारसंहिता तथा अनुशासन पालना नगर्ने कर्मचारीलाई विभागीय सिफारिसका आधारमा कारबाही गरिनेछ ।

**२०. काजमा खटाउन सक्नेः** नगरपालिकाले स्थानीय आवश्यकता र विशिष्टताका आधारमा आफु मातहतका कर्मचारी, शिक्षक र विशेषज्ञलाई उचित ठानेको शाखा, वडा कार्यालय वा अन्य स्थानमा काजमा खटाउन सक्नेछ ।

२१. **बचाउः** यो ऐन नगर सभाबाट पारित हुनुभन्दा अघि भए गरेका काम, कार्यबाही तथा निर्णयहरु यस ऐन बमोजिम भए गरेको मानिनेछ ।

रास्कोट नगरपालिका कालीकोट